आज मिति २०८३ साल आषाढ १७ गतेका दिन यस नासों गाउँपालिकाको २० औं गाउँ सभा वैठक तथा आगामी आ.व.२०८३/०८४ को बजेट अधिवेशन नासों गाउँपालिकाका अध्यक्ष श्री धन बहादुर गुरुङज्यूको अध्यक्षता एवं तपसिलका गाउँसभा सदस्यज्यूहरुको उपस्थितिमा बसी तपसिलको निर्णय गरियो ।

**उपस्थितिहरु:-**

| क्र.नं | जनप्रतिनिधिको नाम थर | पद | वडा | सम्पर्क नम्बर | दस्तखत |
|---|---|---|---|---|---|
| १ | धन बहादुर गुरूङ | अध्यक्ष | नासों गाउँपालिका | | |
| २ | वेद बहादुर गुरूङ | उपाध्यक्ष | नासों गाउँपालिका | | |
| ३ | मिन राशी गुरूङ | गाउँ सभा सदस्य | नासों गाउँपालिका | | |
| ४ | रवि गुरूङ | गाउँ सभा सदस्य | नासों गाउँपालिका | 9848595694 | |
| ५ | निल राम गुरूङ | गाउँ सभा सदस्य | नासों गाउँपालिका | | |
| ६ | धर्म जङ गुरूङ | गाउँ सभा सदस्य | नासों गाउँपालिका | | |
| ७ | थुतेन लामा | गाउँ सभा सदस्य | नासों गाउँपालिका | | |
| ८ | पुष्प बहादुर गुरूङ | गाउँ सभा सदस्य | नासों गाउँपालिका | 9849250316 | |
| ९ | ओम बहादुर गुरूङ | गाउँ सभा सदस्य | नासों गाउँपालिका | | |
| १० | याद घले | गाउँ सभा सदस्य | नासों गाउँपालिका | | |
| ११ | मिङ्मर छिरिङ विष्ट | गाउँ सभा सदस्य | नासों गाउँपालिका | 9840063821 | |
| १२ | डिल कुमारी घले | गाउँ सभा सदस्य | नासों गाउँपालिका | 9816320256 | |
| १३ | सुक बहादुर परियार | गाउँ सभा सदस्य | नासों गाउँपालिका | 9846589640 | |
| १४ | प्रमिला गुरूङ | गाउँ सभा सदस्य | नासों गाउँपालिका | 9849945580 | |
| १५ | सोनिया गुरूङ | गाउँ सभा सदस्य | नासों गाउँपालिका | 9846250372 | |
| १६ | चनार स्यो गुरूङ | गाउँ सभा सदस्य | नासों गाउँपालिका | | |
| १७ | मोहन कुमारी घले | गाउँ सभा सदस्य | नासों गाउँपालिका | | |
| १८ | बुद्ध बहादुर गुरूङ | गाउँ सभा सदस्य | नासों गाउँपालिका | 9862381112 | |

CS CamScanner

निर्णय नं. १

नासों गाउँपालिकाका अध्यक्ष श्री धन बहादुर गुरुङले कार्यपालिका बैठकमा पेश गर्नु भएको नासों गाउँपालिकाको आर्थिक बर्ष २०८३/२०८४ तपसिल बमोजिमको नीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल:

## आ.ब. २०८३/२०८४ को नीति तथा कार्यक्रम

नेपालका संविधान २०७२ को भाग १८ को स्थानीय व्यवस्थापिका सम्बन्धी व्यवस्थाको धारा २२७ मा गाउँसभा सम्बन्धी व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ को (क) बमोजिम तयार भएको आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम गाउँ सभा समक्ष प्रस्तुत गर्नुपर्ने प्रावधान रहेको छ ।स्थानीय तह स्थापना पछिको दोस्रो निर्वाचन २०७९ पश्चात ४ बर्षे कार्यकाल सम्पन्न गर्दै हामी पाँचौ बर्षमा प्रवेश गरेका छौ । यस अवसरमा गाउँ सभा समक्ष नासों गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम सभामा पेश गर्न पाउँदा अत्यन्त खुशी लागेको छ ।यस गरिमामय अवसरमा नेपाल राज्यको सार्वभौमसत्ता, अखण्डता र नागरिकको अधिकार प्राप्तिका लागि भएका विभिन्न जनआन्दोलन र लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न चरणमा भएका आन्दोलनहरुमा सरिक भई आफ्नो जीवन वलिदान गर्नुहुने ज्ञात अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

नासों गाउँपालिकाबासीहरुले अनुमोदन गरेको चौथो वर्ष सफलतापूर्वक पूरा गरी पाँचौ वर्षमा प्रवेश गर्दा हामी पालिकाबासीहरुको मुहारमा केही आशा र विश्वास जगाउन सफल भएका छौं। हाम्रो ध्यान क्षणिक लोकप्रियता भन्दा पनि नासों गाउँपालिकाको सुरक्षित, समृद्ध र गर्विलो भविष्य निर्माणका लागि बलियो आधार तयार गर्नमा केन्द्रित रहँदै आएको छ।आगामी दिनहरुमा पनि हामी यही मार्गमा अघि बढ्ने प्रतिवद्धता लिएका छौं।

२०७८ आषाढमा मर्स्याङ्दीमा आएको भिषण बाढि पहिरोले यस पालिकामा पुर्‍याएको अपुरणीय क्षति पश्चात हामिले उपरोक्त अवस्थालाई क्रमश व्यवस्थापन गर्दै जाने क्रममा धैरै हदसम्म हामी सफल भएका छौ । यी सबै कुराका बाबजुद हाम्रो गाउँपालिकालाई समृद्ध र नासोंबासीलाई सुखी बनाउने दिशामा हाम्रो ५ बर्षे कार्यकाल सुनौलो र जनपक्षीय बनाउने दिशामा आ.ब.२०८३/०८४ ले बलियो आधार थप गर्ने विश्वास लिएको छु ।

देशको विद्यमान राजनीतिक, आर्थिक र सामाजिक अवस्था सोचेजस्तो छैन, बर्तमान व्यवस्थाले अपेक्षा गरेजस्तो विकास, शासन र जनसेवा प्रवाह गर्न नसकेको जस्ता काल्पनिक आरोप लगाइ

पालिकास्तरीय अनुगमन समितिलाई थप सक्रिय बनाई सञ्चालन भएका सम्पूर्ण व्यापार एवम् व्यवसायलाई करको दायरा भित्र समेटिनेछ।

- अन्तमा यस नीति तथा कार्यक्रम तयारीमा मलाई सहयोग गर्दै अहोरात्र खटिने योजना तर्जुमा समितिका संयोजक नासौं गा.पा. उपाध्यक्ष, विषयगत समितिका संयोजक, विषयगत समितिका पदाधिकारी, कार्यपालिका सदस्य र गा.पा. का प्रमुख प्रशासकीय अधिकृत र विभिन्न शाखाका प्रमुखलाइ हार्दिक धन्यवाद दिन चाहान्छु ।

- प्रस्तुत नीति तथा कार्यक्रम श्रवण गरि अमुल्य सुझाव, सल्लाह र हौसला प्रदान गरिदिनु हुने संघीय माननिय तथा पूर्वमन्त्री टेक बहादुर गुरुङ ज्यू तथा गण्डकी प्रदेश माननीय तथा यस बिसौं सभाका प्रमुख अतिथि मुनिन्द्रजंग गुरुङ ज्यू , पूर्व माननीयज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, समाजसेवी, वुद्धिजिवी भद्र भलादमीज्यू एवं समस्त महानुभावहरुमा हार्दिक धन्यबाद दिदैं आगामी दिनमा समेत रचनात्मक सहयोग, सुझाव र सल्लाहको अपेक्षा गर्दछु।

- प्रस्तुत बार्षिक नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका विषयहरुलाई ध्यान दिई आगामी आ.ब. २०८३/०८४ को बजेट तर्जुमामा दत्तचित्त भएर लाग्दै समयमानै पूर्ण आकारको बजेट तयारीमा जुटन उपस्थित सम्पूर्ण गाउँसभाका सदस्य, कार्यपालिका सदस्य र समस्त कर्मचारीहरुलाई हार्दिक अनुरोध गर्दछु ।

- प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जनप्रतिनिधि, कर्मचारी र नागरिक सबैको सहकार्य र स्वामित्व अपरीहार्य छ। अन्तमा: उपस्थित सबैमा पुन धन्यबाद दिँदै नीति तथा कार्यक्रमको कार्यान्वयनमा आम स्थानीयबासी र सरोकारवाला सम्पूर्णको सहयोगको अपेक्षा गरेको छु।

**निर्णय नं. २**

नासौं गाउँपालिकाका उपाध्यक्ष श्री वेद बहादुर गुरुङले पेश गर्नु भएको तपसिल बमोजिमको नासौं गाउँपालिकाको आर्थिक ऐन, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल:**

क) आगामी आ.ब.२०८३/०८४ का लागि निम्नानुसारको कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर निर्धारण गरि कार्यान्वयन गर्ने:

निर्णय न. ३

नार्सों गाउँपालिकाका उपाध्यक्ष श्री वेद बहादुर गुरुङले पेश गर्नु भएको तपसिल बमोजिमको नार्सों गाउँपालिकाको आर्थिक ऐन, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

# विनियोजन ऐन २०८३

नार्सों गाउँपालिका, मनाङ को आर्थिक बर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०८३

प्रस्तावना : नार्सों गाउँपालिका, मनाङ २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नार्सों गाउँपालिका, मनाङको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नार्सों गाउँपालिका, मनाङको विनियोजन ऐन, " रहेको छ

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार : (१)आर्थिक वर्ष २०८३/८४को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बितिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ३८,१३,८१,०००.०० (अक्षेरुपी रुपैयाँ अठ्तिस करोड तेह्र लाख एकासी हजार मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

CamScanner

निर्णय नं. ४

नासों गाउँपालिकाका उपाध्यक्ष श्री वेद बहादुर गुरुङले पेश गर्नु भएको तपसिल बमोजिमको आय र व्यय अनुमान सहितको बार्षिक बजेट २०८३/२०८४ स्वीकृत गर्ने निर्णय गरियो ।

# आर्थिक वर्ष २०८३/२०८४ बार्षिक बजेट तथा कार्यक्रम

नेपालको संविधान २०७२ को भाग १८ स्थानीय व्यवस्थापिका सम्वन्धी व्यवस्थाको धारा २२७ सम्वन्धी व्यवस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्षको राजश्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र गाउँसभामा पेश गर्नुपर्ने संवैधानिक एवं कानुनी व्यवस्था रहेको छ । सोही व्यवस्था अनुरुप स्थानीय सरकारको रुपमा रहेको नासों गाउँपालिकाको २० औं बजेट पेश गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ ।

देशको सार्वभौमिता, स्वतन्त्रता, अखण्डताको रक्षा र जनताको अधिकार स्थापित गर्न विभिन्न जनआन्दोलन, स्थानीय स्वशासन सहितको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका साथै जेनजी आन्दोलनमा आफ्नो जीवन बलिदान गर्नुहुने अमर शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

नेपालको संविधान, राज्यको नीति निर्देशक सिद्धान्तहरु, मौलिक हक, आवधिक योजना, संघीय र गण्डकी प्रदेश सरकारले अंगीकार गरेका नीतिहरु, स्थानीय सरकार संचालन ऐन, गाउँपालिकाबाट स्वीकृत विभिन्न आवधिक योजनाहरु, विषयगत समितिको सिफारिस, वस्ती/वडास्तरबाट प्राथमिकीकरण गरि पेश हुन आएका योजना तथा कार्यक्रम, आगामी आ.व.को योजना तर्जुमाका लागि बार्षिक नीति तथा कार्यक्रममा उल्लेखित प्राथमिकताका क्षेत्रहरुलाई मार्गदर्शनको रुपमा लिदै विभिन्न अल्पकालिन, मध्यकालिन र दीर्घकालिन प्रकृतिका योजना तथा कार्यक्रमहरुलाई आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रममा समावेश गरिएको छ ।

बार्षिक नीति तथा कार्यक्रमलाई सकेसम्म सम्वोधन हुने गरि संघ र गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रममा दोहोरोपना नहुने गरि बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ध्यान केन्द्रित गरेको कुरा अवगत गराउन चाहन्छु । सिमित स्रोत साधनको उपलब्धता एवं जनताका असिमित आवश्यकताका हुँदाहुँदै पनि सबै क्षेत्र र प्राथमिकतालाई समेटी बजेट तयार गर्ने प्रयास गरेको व्यहोरा अनुरोध गर्न चाहन्छु ।

जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने वर्तमान तथा पूर्व माननीय संघीय प्रतिनिधी सभा सदस्यज्यूहरु, यस निर्वाचन क्षेत्रबाट गण्डकी प्रदेश सभा प्रतिनिधित्व गर्नुहुने वर्तमान तथा पूर्व माननीय सदस्यज्यूहरु, पूर्व माननीय मन्त्रीज्यूहरु, पूर्व स्थानीय निकायका पदाधिकारीज्यूहरु, निवर्तमान गाउँपालिकाका पदाधिकारीज्यूहरु, जिल्ला स्थित जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय तथा समस्त जिल्लास्थित सरकारी तथा सुरक्षा निकायहरु एवं जिल्ला भित्र र बाहिर रहेर पनि यस नासों गाउँपालिकाको विकासमा चासो र चिन्ता लिईरहने आदरणीय महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । अन्तमा नासों गाउँपालिकाको आ.ब.२०८३/२०८४ को बजेट तथा कार्यक्रम तर्जुमा गर्न नेतृत्व गरि विशेष योगदान गर्नुहुने आदरणीय अध्यक्ष श्री धन बहादुर गुरुङज्यू, गाउँ कार्यपालिकाका सम्पुर्ण आदरणीय सदस्यज्यूहरु, विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरु, ९ वटै बडाबाट प्रतिनिधित्व गर्नुहुने वडा सदस्यज्यूहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु । साथै बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा सहयोग गर्न अहोरात्र खटिनु हुने नासों गाउँपालिकाको कार्यालय तथा अन्तरगतका समस्त राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक धन्यवाद दिन चाहान्छु ।

**निर्णय नं. ५**

नासोँ गाउँपालिकाको आगामी आ.व.२०८३/२०८४ का लागि अनिवार्य दायित्व एवं तपसिल वमोजिमको शिर्षकगत बजेट विनियोजन ~~गर्न गाउँसभामा पेश~~ गर्ने निर्णय गरियो ।

| सि.न. | विवरण | स्रोत | रकम |
|---|---|---|---|
| | **अख्तियारी रकम रु** | **सघ** | **74300000** |
| १ | पशु तथा कृषि भवन नजिक क्वाटर निर्माण | वडा नं ३ | 19000000 |
| २ | असाध्य रोग पिडितहरुको लागि स्वास्थ्य भेट सहयोग कार्यक्रम | समानिकरण | 340000 |
| ३ | प्रकाश ज्योती माध्यमिक विद्‌यालय आवासीय छात्रावास संचालन | समानिकरण | 6000000 |
| ४ | खानेपानि तथा सरसफाई कार्यक्रम | समानिकरण | 500000 |
| ५ | स्वास्थ्य स्वयंसेविका, दलित, पूर्ण र अति अशक्त अपांगहरुको निशुल्क स्वास्थ्य विमा | समानिकरण | 400000 |
| ६ | कृषि विकास कार्यक्रम | समानिकरण | 3000000 |
| ७ | पशु सेवा कार्यक्रम | समानिकरण | 4000000 |

CamScanner

**निर्णय नं. ६**

२०८२ आषाढ १० गते सम्पन्न गाउँसभा बैठक पश्चात भएका नीतिगत निर्णय, विभिन्न मितिमा गाउँ कार्यपालिकाको आजको बैठकसम्म भएको निर्णय र निर्णय बमोजिम दायित्व सृजना भई भएका खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

वि.सं.२०७६ सालदेखि श्री प्रकाश ज्योति माध्यामिक विद्यालय, थोंचे, ५, मनाङलाई आवाशीय विद्यालयको रुपमा अगाडी सार्दै शैक्षिक भवन, छात्रावास निर्माण लगायतका संरचनाहरु निर्माण हुँदै आएका छन । गाउँपालिकाको आन्तरिक आय न्यून भएको कारण उक्त विद्यालय सञ्चालन गर्न वर्षेनी गाउँपालिकाको सिमित वजेटको भरपर्नु परेका कारण विद्यालय सञ्चालनमा कठिनाई हुदै आएको छ । प्रस्तुत अवस्थामां सवै नागरिकहरुलाई गुणस्तरीय र अनिवार्य शिक्षा गाउँपालिका भित्रै उपलब्ध गराउने उद्वेश्य हासिल गर्न श्री प्रकाश ज्योति माध्यामिक विद्यालय, थोचें, मनाङलाई **हिमाली छात्राबास** को अवधारणा बमोजिम स्वीकृति प्रदान गरि सञ्चालन हुने व्यवस्था गरिदिनु हुन श्री शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

नासौं गा.पा.वडा नं.१ ताल स्थित मर्स्याङदी नदीमा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा नदीजन्य पदार्थ उत्खनन तथा संकलन कार्यका लागि गाउँपालिकाको कार्यालयबाट रितपूर्वक हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक मिति २०८२/०६/३० र दोस्रो पटक मिति २०८२/०८/२१ मा समेत गरि सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको ३० दिन र १५ दिनको अवधि दिई बोलपत्र सम्वन्धी सूचना प्रकाशन गरिएको थियो । उक्त अवधिमा कुनै पनि इच्छुक फर्म/कम्पनीहरुवाट रितपूर्वक वोलपत्र पेश हुन नआएको हुँदा उक्त प्रकृया प्रचलित कानून बमोजिम स्थगित भएको थियो । सो पश्चात उक्त क्षेत्रमा ठेक्का नलागेको अवस्थामा गा.पा.वाट तोकिएको दर, रेटमा प्रति टयाक्टर, टिप्परको आधारमा राजस्व संकलन गर्न प्रयास गरिएकोमा कहिकतैवाट नदीजन्य पदार्थ माग हुन नआएकोले प्रयोगमा ल्याई आन्तरिक आय संकलन हुने अवस्था नआएको र तोकिएको घाट गद्दीबाट ठेक्का तथा खुद्रा रुपमा 'व्यवस्थापन नभएतापनि गाउँपालिका तथा वडा कार्यालयको तर्फवाट आवश्यक निगरानी भई रहँदा अवैध रुपमा समेत चोरी निकासी भई नदीजन्य पदार्थको दोहन भएको नपाईएको (१ नं. वडा कार्यालयको सिफारिस समेतको आधारमा) हुँदा सोही वमोजिमको व्यहोरा प्रमाणित गरि कार्यपालिकावाट पेश हुन आएकोले उक्त निर्णय लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

गाउँ कार्यपालिका ... धाराबाला ... गण्डकी प्रदेश, नेपाल

अध्यक्ष

नासौं गाउँपालिका क्षेत्र भित्रका विभिन्न घाट गद्दीहरुमा नदीजन्य पदार्थ थुप्रिन गई गाउँपालिकाको आयको स्रोत खेर गईरहेका, थुप्रिएका नदीजन्य पदार्थले वस्तीको स्वरुप समेत बिग्रेका, उक्त सामग्री नहटाउँदा थप जोखिम समेत हुने कुरालाई मध्यनजर गर्दै उक्तानुसार नदीजन्य पदार्थ गिट्टी, बालुवा तथा ढुंगाका थुप्राहरुको तथ्यांक संकलन गरि आवश्यक नापजाँच गरि प्रचलित कानून तथा गाउँपालिकाले तोकेको दररेटमा समेत आवश्यक प्रकृया पुरा गरि नदीजन्य पदार्थ संकलन तथा विक्रि गरि गा.पा.को आन्तरिक आय वृद्धि गर्ने तर्फ विशेष ध्यान दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

नासौं गाउँपालिका वडा नं. ३, माथिल्लो धारापानीमा खाद्य व्यापार तथा कम्पनी लिमिटेड शाखा, मनाङको स्वामित्वमा रहेको जग्गा समेत हाल गाउँपालिकाको कार्यालयले निर्माण गरिरहेको कृषि तथा पशु भवन नजिक क्वाटर निर्माण योजनामा उपयोग भएको पाईएकोले उक्त जग्गा भवन निर्माणमा उपयोग गर्ने प्रयोजनका लागि नियमानुसार भाडा वा लिजमा लिने र उपयोग भई बाँकी रहेको कम्पनी लिमिटेडको जग्गामा उक्त कम्पनीले खाद्य गोदाम भवन निर्माण गरिदिन अनुरोध भई आएकोले सोका लागि गाउँपालिकाको तर्फवाट आगामी आ.व.२०८३/०८४ का लागि बजेट विनियोजन गरि निर्माण सम्पन्न पश्चात उक्त भवनवाट खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको धारापानी सेल्स डिपो उक्त कम्पनीको कर्मचारीहरु मार्फत संचालनमा ल्याई नासौं गा.पा.वासीहरुलाई सर्वसुलभ खाद्यान्न सामग्री पायक पर्ने स्थानवाट नै उपलब्ध हुने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

नासौं गा.पा. वडा नं. ५ थोंचेमा नमुना विद्यालय अनुदानवाट कार्यान्वयनमा रहेको NCB-2/Nason/082/83 Construction of Lab and Library Building at Prakash Jyoti Secondary School, Nason-5, Manang का लागि खरिद प्रकृया वमोजिम श्री दाजुभाई निर्माण सेवा, रास्कोट-५, कालिकोट छनौट भई प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम सम्झौता भई योजना कार्यान्वयनमा रहेको छ । हाल निरन्तर बर्षा एवं पटक पटक सडक अवरुद्ध, मूल्य वृद्धिका कारण इन्धन अभाव र निर्माण सामग्रीको लागत उच्च हुन पुगेको हुँदा निर्माण सामग्री वेशिसहर देखि थोंचे सम्म ल्याउन कठिनाई भई चालु आ.व.को तोकिएको म्याद भित्र आयोजना सम्पन्न गर्न नसक्ने व्यहोरा सहित म्याद थपका लागि उक्त निर्माण सेवावाट मिति १४ जुन २०२६ को निवेदन पेश हुन आएको छ । उक्त आयोजनाको म्याद थपका लागि भएको माग सम्वन्धमा प्राविधिक कर्मचारीहरुवाट स्थलगत रुपमा अध्ययन गरि प्राप्त

प्रतिवेदन, गाउँपालिकाको कार्यालयबाट मनासिव कारण सहित पेश भएको टिप्पणी आदेश सहित गाउँपालिका अध्यक्ष समक्ष गाउँ कार्यपालिकाको बैठकमा पेश गर्न अनुरोध भई आएको छ ।

उक्त सम्बन्धमा आवश्यक जाँचबुझ हुँदा समयमा कार्य सम्पन्न नभएको कारण र म्याद थपका लागि पेश भएको व्यहोरा मनासिव देखिएकोले माग बमोजिम उक्त आयोजनाको कार्य सम्पन्न गर्ने अन्तिम म्याद २०८३ आश्विन मसान्तसम्म मात्र थप गर्ने र नमुना विद्यालय अनुदान आगामी आ.ब.मा फेजआउट भई बजेट प्राप्त नहुने हुँदा चालु आ.ब.को तोकिएको अवधिभित्रको कार्य प्रगति उक्त निर्माण सेवाले गरेको कार्यप्रगतिको प्रतिबद्धता समेतलाई मनन गरि प्राविधिक मूल्यांकन गरि चालु आ.ब.को स्वीकृत बजेटबाट भुक्तानी दिई आयोजना सम्पन्न गर्नका लागि सम्झौता बमोजिमको भुक्तानी गर्न बाँकी हुने रकम गाउँपालिकाको मिल्दो शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

नासोँ गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार, विद्यालयहरुको भौतिक तथा शैक्षिक व्यवस्थापन र स्थानीय विशेषता समेटिएको ५ वर्षे **"स्थानीय शिक्षा योजना (२०८१-२०८६)"** स्वीकृत एवं अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ (संशोधन सहित) को परिच्छेद-१६, नियम ९२ अनुसूची- १२ मा उल्लेख भए अनुसार प्रत्येक सामुदायिक विद्यालयको प्राथमिक तहमा ५० जना विद्यार्थी सम्म कम्तीमा २ जना शिक्षक दरवन्दी, प्राथमिक तहमा ५० जना भन्दा बढी भएमा ३ जना शिक्षक दरवन्दी को व्यवस्था प्रष्ट हुँदाहुँदै पनि शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानो ठिमी, भक्तपुरले २०७६ को शिक्षक दरवन्दी मिलान कार्यविधि मार्फत यस गा.पा.मा ११ वटा विद्यालयका लागि शिक्षा नियमावली २०५९ नियम ९२ अनुसूची १२ लाई समेत आधार नमानी जम्मा ९ प्रा.वि.दरवन्दी सो कार्यविधि २०७६ ले देखाएको पाईन्छ । नासोँ गाउँपालिकाको प्रकाश ज्योति मा.वि. मा ३ जना र बाँकी १० वटा विद्यालयमा २ जनाका दरले २० जना गरि नासोँ गा.पा.को जम्मा प्रा.वि.दरवन्दी कम्तीमा २३ जना त नियम सम्मतनै हुनुपर्ने देखिन्छ ।

शैक्षिक गुणस्तर अभिवृद्धिका लागि गाउँपालिकाले २०७५ चैत्र १ देखि प्रकाश ज्योति आवाशीय मा.वि. का लागि विभिन्न जिम्मेवारीमा रही शैक्षिक उन्नयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने प्रा.वि. शिक्षकहरुलाई काजमा खटाई जिम्मेवारी दिई पठनपाठनमा लगाईएको छ ।

आगामी दिनमा प्रचलित कानुन बमोजिम दरबन्दी मिलान हुँदाका बखत तोकिए बमोजिमको संख्या बाहेकका शिक्षकहरु अन्यत्र विद्यालयको दरबन्दीमा मिलान भई जानुपर्ने देखिन्छ । उक्त अवस्थामा गाउँपालिकाले शैक्षिक गुणस्तर विकासका लागि आवश्यकता महशुष गरि प्रकाश ज्योतिमा मा.वि.मा ल्याई सेवा प्रदान गरिरहेका शिक्षकहरुलाई न्याय गर्नुपर्ने दायित्व समेत सृजना हुन्छ । तसर्थ प्रकाश ज्योति मा.वि.मा जिम्मेवारी दिई काजमा रही सेवारत शिक्षकहरुलाई पुरुष शिक्षकको हकमा ५ बर्ष र महिला शिक्षकको हकमा ४ बर्ष पुरा गरेका शिक्षकहरुलाई आगामी दिनमा शिक्षक दरबन्दी मिलानका क्रममा कुनै कारणबश बाहिर जानुपर्ने अवस्था भएमा उक्त अवधि पुरा गरेको शिक्षकलाई अन्यत्र सरुवा भई जानु नपर्ने र नासों गाउँपालिकाको शिक्षक दरबन्दीमा जेष्ठता कायम गर्ने र सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाई, मनाङलाई समेत दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

आगामी आ.ब.२०८३/०८४ (सन २०२६/२०२७) का लागि मनाङ मर्स्याङदी हाइड्रोपावर, मनाङबाट CSP अन्तरगत विनियोजन गर्नु पर्ने रकमबाट तपसिलका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न छनौट गरि हाइड्रोपावरमा पेश गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | आयोजना/कार्यक्रमको विवरण | प्रस्तावित बजेट रकम रु. | कार्यान्वय हुने स्थान |
|---|---|---|---|
| १. | दानाक्यू खेल मैदान निर्माण | ६०००००० | नासों, ९ |
| २. | सातकन्या आमा समुह भवन निर्माण क्रमागत | ६०००००० | नासों, ८ |
| ३. | ताल खेल मैदान तारबार निर्माण | २५००००० | नासों, १ |
| ४. | धारापानी आमा समुह भवन पूर्वाधार विकास | १०००००० | नासों, ३ |
| ५. | धारापानी फुटसल निर्माण | १५००००० | नासों, ३ |
| ६. | प्रकाश ज्योति मा.वि. छात्रा होस्टलमा प्लाङकिङ निर्माण | १५००००० | नासों, ५ |
| ७. | घेलान्चोक गाउँ भलिवल खेल मैदान निर्माण | १५००००० | नासों, ४ |
| ८. | मनाङ मर्स्याङदी हाईड्रोपावर सरोकार समिति अनुगमन तथा भ्रमण खर्च | १०००००० | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ९ | | ताचै स्वास्थ्य चौकी मर्मत | ५००००० | |
| १० | | दानाक्यू आमा समूह फर्निचर तथा अन्य सामग्री खरिद | ४००००० | |
| ११ | | बगरछाप आमा समूह किचन सामग्री खरिद | १००००० | |
| | | | २२०००००० | |

निर्णय नं. १५

यस आ.व. २०८३/०८४ को आगामी ६ महिनाका लागि यस गाउँकार्यपालिकाको कार्यालय र अन्तर्गतका विभिन्न कार्यालयहरुमा कार्यरत तपसिलका करार कर्मचारीहरुले म्याद थप गरि पाउँ भनी दिएको निवेदनको सन्दर्भमा आगामी ६ महिना अर्थात् २०८३ साउन १ गते देखी २०८३ पौष मसान्त सम्मका लागि करारा म्याद थप गर्ने गाउँ कार्यपालिकाबाट पेश भएक बमोजिमको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

तपसिलः

**पालिकातर्फको:-**

| क्र.स. | कर्मचारीको नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १. | नविन गुरुङ | रोजगार संयोजक | |
| २. | कृष्ण गुरुङ | MIS कम्प्युटर अपरेटर | |
| ३. | रिमा गुरुङ | फिल्ड सहायक | |
| ४ | निलराम गुरुङ | कार्यालय सहयोगी | |
| ५. | तुलमाया गुरुङ | सा.प. गरिब संग विश्वेश्वर कार्यक्रम | |
| ६ | राजेश दर्लामी | एक्साभेटर अपरेटर | |
| ७ | सुल बहादुर गुरुङ | कार्यलय सहयोगी | |
| ८ | प्रशान्त गुरुङ | प्राविधिक सहायक | |
| ९ | मिन काशी गुरुङ | सामाजिक परिचालक | |
| १० | प्रकाश गुरुङ | IT officer | |
| ११ | शान्ता दवाडी | कृषि स्नातक | |
| १२ | सुमन चौधारी | उद्यम विकास सहजकर्ता | |
| १३ | राजेन्द्र गुरुङ | सवारी चालक | |
| १४ | विक्रम गुरुङ | सवारी चालक | |
| १५ | विनिता गुरुङ | का.स. | |
| १६ | आमोस गुरुङ | का.स. | |

CamScanner

निर्णय नं.१६

भारतीय राजदुतावास, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र यस गाउँपालिका बीच २१ जुलाई २०२५ मा सम्झौता भई नासों गाउँपालिका वडा नं ५ मा निर्माण हुने ५ शैयाको अस्पताल भवन निर्माणको लागि सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सिद्धनाथ ओम विनायक कार्यश्वर असल जेभी, काठमाण्डौ बीच २०८२/१०/०२ गते खरिद सम्झौता भई ठेक्का कार्यान्वयनमा रहको छ। सम्झौता वमोजिम हाल निर्माण कार्य अगाडी वढेको छ। सम्झौता पत्रको GCC 57.1 मा सम्झौता पश्चात सम्झौता रकम रु.६,६७,९६,९३३/७३ को १० प्रतिशत रकम रु.५८,६६,८२५। श्री ओम विनायक कार्यश्वर असल जेभि, काठमाण्डौलाई पेश्की स्वरुप मिति २०८३/०२/२५ को गाउँ कार्यपालिकाको निर्णयानुसार उपलब्ध गराईएकोमा उक्त पेश्की रकम अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १७

नासों गाउँपालिका वडा नं ५, मा निर्माण हुने ५ शैयाको अस्पताल भवन निर्माणको लागि सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम सिद्धनाथ ओम विनायक कार्यश्वर असल जेभी, काठमाण्डौ बीच २०८२/१०/०२ गते खरिद सम्झौता भई ठेक्का कार्यान्वयन सम्झौता बमोजिमको कुल २० प्रतिशत पेश्की मध्ये १० प्रतिशत प्रथम पेश्की उपलब्ध गराई निर्माण कार्य अगाडी वढेको छ। सम्झौता पत्रको GCC 57.1 मा सम्झौता बांकी १० प्रतिशत पेश्की गाउँपालिकाको कार्यालयले प्राविधिक कार्य प्रगति प्रतिवेदन एवं प्रचलित कानुन बमोजिम श्री ओम विनायक कार्यश्वर असल जेभि, काठमाण्डौलाई पेश्की दिने गाउँ कार्यपालिकाको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं.१८

नासों गाउँपालिकाको स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा जम्मा गर्ने गरि आ.व. २०८२/०८३ का लागि ३०,००,०००/-(अक्षरुपी तीस लाख रुपैंया) बजेट विनियोजन भएकोमा उक्त कोषमा यस पूर्वको रकम पर्याप्त भएकोले उक्त रकम सो कोषमा जम्मा गर्न उपयुक्त नदेखिएकोले सो कोषमा रकम जम्मा नगर्ने गाउँकार्यपालिकाको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

CamScanner